# गौर नगरपालिका

## स्थानीय राजपत्र

## गौर नगरपालिका द्वारा प्रकाशित

खण्डः ९ संख्याः १ मितिः२०८३/०३/१०

भागः ३

गौर नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ बमोजिम नगर सभाले जारी गरेको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्वत् २०८३ सालको ऐन नं. ३

**गौर नगरपालिकाको नगर प्रहरी (दोस्रो संशोधन) ऐन, २०८३**

# गौर नगरपालिकाको नगर प्रहरी (दोस्रो संशोधन) ऐन, २०८३

प्रमाणीकरण भएको मिति : २०८३/०३/१०

गौर नगरपालिकाको नगर प्रहरीको संचालन एंव परिचालन कार्यलाई व्यवस्थित बनाउन जारी भएको गौर नगरपालिकाको नगर प्रहरी ऐन, २०७५ मा आवश्यक संशोधन गर्नु पर्ने महशुस भएकोले गौर नगरपालिकाको नगर सभाको अठारौं अधिवेशनबाट यो ऐन जारी गरिएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>**

(१) यस ऐनको नाम "गौर नगरपालिकाको नगर प्रहरी (दोस्रो संशोधन) ऐन, २०८३ रहेको छ।

(२) यो ऐन तुरुन्त लागू हुनेछ।

२. **<u>परिभाषा</u>**: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा-

क. "नगर प्रहरी ऐन" भन्नाले "गौर नगरपालिकाको नगर प्रहरी ऐन, २०७५" सम्झनु पर्दछ।

ख. "कार्यालय" भन्नाले गौर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ।

ग. "नगर प्रहरी" भन्नाले गौर नगरपालिकाको नगर प्रहरीलाई जनाउँदछ।

३. नगर प्रहरी ऐनको

(१) दफा ३ को उपदफा २ मा उल्लेख रहेको २ जना नगर प्रहरी हवलदार को सट्टा ४ जना नगर प्रहरी हवलदार कायम गर्ने।

(२) दफा ३ को उपदफा ६ पछि देहायको उपदफा ७ र ८ थप गर्ने।

(७) "नगर प्रहरीको विभिन्न पदहरुमा सेवा करारमा लिनु पर्दा नेपाल प्रहरीको लागि सम्बन्धित पदको लागि तोकिएको योग्यतालाई मार्ग दर्शकको रुपमा लिइनेछ र नगर प्रहरीहरु स्थानीय सेवा तर्फ कार्यरत कर्मचारीको लागि तोकिएको अवकाश हुने उमेर हद सम्म निजहरुलाई सेवा करारमा लिन सकिनेछ।

(८) सुरक्षा निकायबाट अवकाश पाएका व्यक्तिलाई निज अवकाश हुंदाको समय कायम रहेको पद भन्दा एक तह माथिल्लो पदमा सेवा करारमा लिन बाधा पुग्ने छैन।